# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन, नेपाल


भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

प.सं : २०७५/०७६
च.नं : (शिक्षा) ४२०

मिति: २०७६।०१।०५

**विषयः- संस्थागत विद्यालयको शुल्क सम्बन्धमा ।**

श्री सबै संस्थागत विद्यालयहरु,
भरतपुर महानगरपालिका, चितवन ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिकाभित्र सञ्चालित संस्थागत विद्यालयहरुले शुल्क प्रस्ताव पेश गरेका र सो सम्बन्धमा अध्ययन तथा छलफल भैरहेको अवस्थामा केही संस्थागत विद्यालयहरुले तोकिएको शुल्क भन्दा बढी शुल्क लिएको गुनासो प्राप्त भएकोले यो पत्र लेखिएको छ । कुनैपनि विद्यालयले यसअगि तोकिएको निम्न अनुसारको भन्दा बढी शुल्क नलिनहुन र अभिभावकहरुले पनि तोकिएको भन्दा बढी शुल्क नतिर्नहुन अनुरोध छ । कुनै विद्यालयले बढी शुल्क लिएको पाइएमा बढी लिएको शुल्क फिर्ता गर्न लगाई कानुन वमोजिम जरिवाना तथा कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. विद्यालयले लिन पाउने मासिक पढाई शुल्क (**ग श्रेणीको विद्यालयको हकमा**)

| कक्षा | मासिक शुल्क | कक्षा | मासिक शुल्क |
|---|---|---|---|
| पूर्व प्राथमिक | ११५०।- | ६ | १५५०।- |
| १ | १२३०।- | ७ | १६३०।- |
| २ | १२८०।- | ८ | १७००।- |
| ३ | १३६०।- | ९ | १९३०।- |
| ४ | १३९०।- | १० | २०९०।- |
| ५ | १४५०।- | – | – |

२. दुई महिनाको कूल शुल्कमा नबढ्ने गरी खेलकुद, प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार आदि वापत वार्षिक शुल्क,

३. पहिलो पटक विद्यालयमा भर्ना हुँदा एक पटकको लागि मात्र भर्ना हुने कक्षाको एक महिनाको मासिक पढाई शुल्क बराबरको भर्ना शुल्क,

**नोटः** १. **ख श्रेणी**का विद्यालयले **ग श्रेणी**को विद्यालय भन्दा बढीमा २५ प्रतिशत सम्म थप शुल्क लिन पाउने र **घ श्रेणी**का विद्यालयले **ग श्रेणी**को भन्दा २५ प्रतिशत कम शुल्क लिनुपर्ने ।

२. यस सम्बन्धमा थप जानकारी चाहिएमा यस महाशाखामा सम्पर्क गर्नुहुन ।

**उप-सचिव**


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: **bmceducationsection@gmail.com** / Website: bharatpurmun.gov.np